# श्री रम्भादेवि सामुदायिक वन उपभोक्ता समूह
## देवदह नगरपालिका-१०, रुपन्देही
### काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०१।१८

यस सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रबाट उत्पादित देवदह १० दलदलेको घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठको कारोवार गर्ने उद्देश्यले स्थायी लेखा नम्वर (PAN) लिएको व्यक्ति वा आयकर र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको फर्म कम्पनी, उद्योग वा संघ, संस्थाले यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र सिलवन्दी बोलपत्र खरिद गरि २२ औं दिनमा दाखिला गर्न आह्वान गरिन्छ।

**तपसिल**

**१. वन पैदावारको विवरण**

| सि.न | काठको श्रोत | वन पैदावारको | | | | | मुल्यांकन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जात | किसिम | ग्रेड | थान | परिमाण | दर रु. | न्युनतम मुल्य रु | संकलन खर्च रु | |
| १ | आ.व २०८२।०८३ को पुनरुत्पादन कटान बाट संकलन | साल | गोलिया | A | १९ | २५३.६४ | १२५० | ३१७०५०.०० | ३८८०६.९२ | |
| | | | | B | ६५ | ५३५.७९ | ९०० | ४८२२११.०० | ८१९७५.८७ | |
| | | | | C | ३५९ | १३४३.६२ | ६०० | ८०६१७२.०० | २०५५७३.८६ | |
| | | | | D | ९४ | १६४.८३ | ३०० | ४९४४९.०० | २५२१८.९९ | |
| | | असना | | A | ६ | ६९.१८ | ४०० | २७६७२.०० | १०५८४.५४ | |
| | | | | B | ११ | ९२.३ | ३०० | २७६९०.०० | १४१२१.९० | |
| | | | | C | १० | ६२.६५ | १०० | ६२६५.०० | ९५८५.४५ | |
| | | पियारी | | | २३ | ५०.०२ | १०० | ५००२.०० | ७६५३.०६ | |
| | | बाँझी | | | २ | २.३६ | १०० | २३६.०० | ४२२.२८ | |
| | | भलायो | | | ७ | २४.३९ | १०० | २४३९.०० | ३७३१.६७ | |
| | | कर्मा | | C | ४ | १४.१७ | १०० | १४१७.०० | २१६८.०१ | |
| | | | | | ६०० | २६१३.३५ | | १७२५६४३.०० | ३९९८४२.५५ | |

२. बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति: २०८३।०२।०७ (ख) समय दिनको ५.०० बजेसम्म

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति: २०८३।०२।०८ (ख) समय दिनको ५.०० बजेसम्म

४. बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको Kamana Sewa Bikash Bank Limited, बुटवल, रुपन्देहि शाखामा रहेको खाता नं. ०२२००३०००९६०३६०००००२ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

५. बोलपत्र फारामको रु.२,०००।- ( अक्षरुपि दुई हजार रुपैया मात्र ) पछि फिर्ता नहुने गरी समूहको उपरोक्त बमोजिमको बैंक खातामा जम्मा गरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, रुपन्देहीबाट खरिद गरी समूहमा दाखिला गर्नु पर्नेछ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको देवदह नगरपालिका-१० दलदलेमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

७. लिलाममा भाग लिन इच्छुक फर्मका प्रोपाइटरले सम्वन्धित निकायमा सूची दर्ता भएको जानकारीको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

८. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३।०२।०९ गते दिनको १२.०० बजे समूहको कार्यालयमा साक्षीहरूको रोहवरमा खोलिने छ र बोलत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पुग्ने छैन।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ७ (सात) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र प्रकिया पुऱ्याई उठाइलैजानु पर्नेछ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ।

१२. थप जानकारीको लागी समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

CamScanner

# माझगाउँमा घर घरमा धारा

**बागलुङ समाचारदाता**
*बागलुङ, वैशाख १७ गते*

जिल्लाको विकट मानिने जैमिनी नगरपालिका–३, दमेकको देउरालीखानीमा 'एक घर एक धारा' योजना सम्पन्न भएको छ।

गोर्खा वेलफेयर ट्रस्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग, नगरपालिकाको समन्वय र स्थानीय जनसहभागितामा देउरालीखानीमा 'एक घर एक धारा' योजना सम्पन्न भएको हो।

योजना अन्तर्गत देउरालीखानीका ३४ घरधुरी लाभान्वित भएका छन्। त्यसबाहेक विद्यालय र खोप क्लिनिक गरी ३६ वटा खानेपानीको धारा निर्माण गरिएको हो। गोर्खा वेलफेयरको ३६ लाख र स्थानीयको नौ लाख बराबरको श्रमदान गरी ४५ लाख रुपियाँ बजेटमा 'एक घर एक धारा' योजना सम्पन्न गरिएको देउरालीखानी माझगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष वेदबहादुर छन्त्यालले जानकारी दिनुभयो।

माझगाउँको सिरमा रहेको छेरछेरे मूलको पानी सङ्कलन गरेर गाउँका घर घरमा वितरण गरिएको छ। योजना अन्तर्गत दुई हजार लिटरका दुई, चार र पाँच हजार लिटर क्षमताका दुई ट्याङ्की निर्माण गरिएको छन्त्यालले बताउनुभयो। योजना बनेपछि देउरालीखानीमा पर्याप्त खानेपानीको व्यवस्था भएको अध्यक्ष छन्त्यालको भनाइ थियो। वि.सं. २०५३ मा कादुरी संस्थाले निर्माण गरिदिएको खानेपानी योजना अन्तर्गत बनेका सामूहिक धाराबाट माझगाउँवासीले पानी उपभोग गर्दै आएका थिए। "योजना जीर्ण हुनु र सामूहिक धाराले उपभोक्तालाई असहज थियो। घर घरमा धारा बनेपछि पर्याप्त खानेपानी उपभोग गर्न पाएका छौं," समितिका सचिव जमुना छन्त्यालले भन्नुभयो।



पानी सङ्कलनका लागि निर्माण गरिएको ट्याङ्की। तस्बिर : रामकृष्ण बोहरा

खानेपानीको स्रोत भएर पनि सहज रूपमा खानेपानी नपाउँदा समस्या झेल्दै आएका थिए। घर घरमा खानेपानी विस्तार भएसँगै स्थानीयवासी खुसी भएका छन्। आँगनमै खानेपानीको धारा निर्माण भएपछि दैनिक उपभोग गर्न र वस्तुभाउलाई खुवाउन निकै सजिलो भएको छन्त्यालले बताउनुभयो।

सबैको घरमा चौबिसै घण्टा फिल्टर गरेको स्वच्छ खानेपानी आउन थालेपछि माझगाउँवासीलाई सुविस्ता भएको छन्त्यालले थप्नुभयो। खानेपानी योजनालाई दिगोपना दिन नगरपालिकाले साथ दिने जैमिनीका नगरप्रमुख हरिहर शर्माले बताउनुभयो। "नागरिकको दुःखमा साथ दिन स्थानीय सरकार सधैं तत्पर छ," योजनाको शुभारम्भ शर्माले भन्नुभयो, "सीमित स्रोत र साधनका बाबजुत पनि दूरदराजका जनताका न्यूनतम आवश्यकता परिपूर्ति गर्न तयार छौं।"

# श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध

**काठमाडौं महानगरपालिका**
**ये महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, काठमाडौं, बागमती प्रदेश, नेपाल
सहकारी विभाग

**३ महले संशोधित कार्यविधि पेश गर्ने सम्बन्धी सहकारी संस्थाहरूलाई सूचना।**

**प्रकाशित मिति : २०८३।०१।१८ (नेपाल संवत् ११४६ बछलाथ्व पुन्हि)**

काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा १९ ले व्यवस्था गरे बमोजिम, संस्थाको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुनसक्ने व्यवस्था रहेको छ। सोही दफाको उपदफा (२) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुने व्यवस्था छ।
यस प्रयोजनका लागि केही सहकारी संस्थाहरूले पेश गरेको कागजात तीन महले ढाँचामा नरहेको व्यवस्था तथा ल्याइएका कागजातमा एकरूपता नभएकोले संस्थाको साधारण सभाबाट विनियम तथा आन्तरिक कार्यविधि स्वीकृतिका लागि सिफारिस गर्दा मूल विनियमको उद्देश्य परिवर्तन नहुने गरी संशोधन भएको दफालाई तीन महले ढाँचामा पेश गर्नुहुन सूचित गरिन्छ।

रुख रोपौं वन जोगाऔं
**श्री रम्भादेवी सामुदायिक वन उपभोक्ता समूह**
देवदह–१०, दलदले

**काठ/दाउरा लिलाम बिक्रीको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०१।१८)

श्री डिभिजन वन कार्यालय रुपन्देहीको उपभोक्ता समूह बाहिर तर्फको बिक्री वितरण सहमति अनुसार यस सा.व.उ.स.को स्विकृत वन कार्ययोजना अनुसार आ.व २०८२।०८३ को पुनरुत्पादन कटान तर्फका रुखहरूबाट संकलन भएको साल गोलिया ए, बि, सि र डि ग्रेड गरी जम्मा थान ५३७ को २२९७.८८ क्यू फुट, अस्ना ए, बि र सि ग्रेड गरी जम्मा थान २७ को २२४.१३ क्यु फुट, कर्मा सि ग्रेड गरी जम्मा थान ४ को १४.१७ क्यु फुट, पियारी थान २३ को ५०.०२ क्यु फुट, बाँझी थान २ को २.७६ क्यु फुट र भलायो थान ७ को २४.३९ क्यु फुट गरी जम्मा थान ६०० को २६१३.३५ क्यु फुट गोलिया काठ समूह बाहिर बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनमा दाखिला गर्न आह्वान गरिन्छ। थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

रम्भादेवी सामुदायिक वन उपभोक्ता समूह
देवदह न.पा १०, रुपन्देही

**Nepal Electricity Authority**
**Notice Regarding Intent to Award the Contract**
Notice Publication Date : 2083/01/18

Name & Address of